बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८२/०८/०२

## भाग-२

## बर्जु गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट पारित मितिः २०८२/०८/०२

प्रमाणिकरण मितिः २०८२/०८/०२

## बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८० लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बर्जु गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२ रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० को दफा १२ मा संशोधनः** बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० (यस पछि मूल कार्यविधि भनिएको) को दफा १२ को उपदफा (ख) र (ग) को सट्टा देहायका उपदफा (ख) र (ग) राखिएका छन् -

ख) नगर प्रहरीको पदमा नियुक्ति गर्दा अपनाइने मापदण्ड बर्जु गाउँपालिकाको नगर प्रहरी पदमा नियूक्ति गर्दा अपनाउनु पर्ने मापदण्ड २०८१ बमोजिम हुनेछ।

ग) बर्जु गाउँपालिका स्थायी ठेगाना भए बापत ५ (पाँच) अंक प्रदान गरिनेछ।

**३. मूल कार्यविधिको अनुसूची २ मा संशोधनः** मूल कार्यविधिको अनुसूची (२) को बुँदा नं. क (२) को सट्टा देहायको बुँदा नं. क (२) राखिएको छ –

क (२) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

आज्ञाले

रविन्द्र कुमार महत

प्रमुख प्रशासकीय अधिकृत